अनुसूची -२

दफा २२ सँग सम्बन्धित

(क) करारका पक्षहरू,
(ख) करार खेतीको क्षेत्र,
(ग) जग्गा र भौतिक साधन,
(घ) वस्तुको विवरण,मात्रा,
(ङ) गुणस्तर,
(ङ) सम्झौताको अवधि,
(च) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,
(छ) भुक्तानीको प्रक्रिया,
(ज) ढुवानीको दायित्व,
(झ) उत्पादन प्रक्रिया,
(ञ) अनुगमनका पक्षहरू,
(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(ठ) गुणस्तर निर्धारणका आधारहरू,
(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,
(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।
(ण) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

**प्रमाणिकरण मितिः- २०७६/११/१४**

**आज्ञाले**

**तारानाथ पनेरु**

**प्रमुख प्रशासकीय अधिकृत**



# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः २ संख्याः १४ मितिः २०७६/११/२१

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

## भाग १

### कृषि तथा पशुपालनव्यवसाय प्रवर्द्धन ऐन, २०७६

<u>प्रस्तावना:</u>परशुराम नगरपालिकाक्षेत्र भित्रकोकृषिको व्यवसायीकरण गर्न,कृषि व्यवसायको प्रवर्द्धन एवम् व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढगर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमासमग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

परशुराम नगरपालिकाकोनगरसभाले नेपालको संविधानको धारा २२६ (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१)बमोजिमपरशुराम नगरपालिकाको छैठौ नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम “कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन ऐन,२०७६” रहेकोछ ।

(२) यो ऐन परशुराम नगरपालिकाकोनगरसभाबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क)“प्रमुख” भन्नाले परशुराम नगरपालिकाको प्रमुख सम्भनुपर्छ

(ख)“उत्पादक” भन्नाले कृषि तथा पशु वस्तु उत्पादन गर्नप्रचलित कानून बमोजिम दर्ता भएका कृषक, कम्पनी, कृषि फर्म, सहकारी संस्था र कृषि समूहसम्भनु पर्छ ।

(ग)“एजेन्ट” भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने प्रचलित कानून बमोजिमदर्ता भएका व्यक्ति सम्भनु पर्छ र सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ)“कार्यपालिका” भन्नाले परशुरामनगरकार्यपालिका सम्भनुपर्छ ।

(ङ) “कोष” भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्भनु पर्छ ।

(च)“कृषक” भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेत सम्भनु पर्छ ।

(च) “कृषक समूह” भन्नाले अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयको उत्पादनमा आवद्ध कृषकहरुको समूहलाई जनाउँनेछ ।

(छ) कृषक समूहमा न्यूनतम १५ देखी २५ जनासम्म कृषकहरु रहन सक्नेछन

(ज) “कृषि” भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमकाबिषयसँग सम्वन्धितक्षेत्रलाई सम्भनु पर्दछ ।र सो शव्दले व्यवसायिक कृषिलाई समेत जनाउँछ ।

(झ) “कृषि फार्म” भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका उपजहरु उत्पादनकालागिकानून बमोजिम दर्ता भएका कृषि तथा पशुपन्छीफर्म सम्भनु पर्छ ।

(ञ)“कृषि बजार” भन्नाले कृषि तथा पशुपन्छीजन्य उपजको छनौट, स्तरीकरण,प्याकेजिङ्ग, ढुवानी, भण्डारण, एवम् उपभोक्ताले उपभोगयोग्यरुपमा बिक्री वितरण गर्ने स्थल सम्भनु पर्छ ।





२५. **कारवाही चलाउने** : नगरपालिका अर्न्तगतका कृषि तथा पशु शाखाबाट नियमानुसार अनुदान प्राप्त गरी सम्झौतामा उल्लेख गरिए अनुसार व्यवसाय सञ्चालन नगरी अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिमको कारवाही गर्न सक्नेछ ।

२६. **नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड लगायत बनाउन सक्नेछ ।

२७. **बचाऊ तथा खारेजी:** (१) यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल सरकाको कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२)परशुराम नगरपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन ऐन, २०७४ खारेज गरिएको छ ।

## अनुसूची-१
### दफा २ को खण्ड (छ) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) बागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प

(३) पशुपन्छी तथा माछा

(४) माछा, मासु,दुध,फुल,हाड,छाला,ऊन उद्योग

(५)च्याउ,

(६)मौरी, रेशम

(७)चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८)तेलहन, दलहन

(९)कपास, जुट, उखु,रबरखेती,टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्वद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।

(१५) कृषि जैविक विविधता संरक्षण अन्तर्गत तोकिएका रैथाने बालीनाली तथा पशुपन्छी पालन

(३) जग्गातथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार ३ बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन तोकिए बमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

(५) नगरपालिकामा रहेका भूमिहीन लक्षित वर्गकाकृषकहरुका लागि टुक्रिएका जग्गालाई एकीकृत गरी४ रोपनीसम्म बनाई तथा अन्य जमिन करारमा लिईसामुहिक व्यवसायिक खेती गर्नका लागि करार लिन तथा उन्नत बीउ तथा प्रविधिका लागि तोकिए बमोजिम अनुदानका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२०. **स्वामित्व हस्तान्तरण नहुने**ः यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

२१. **पुनःकरार गर्न नहुने :** यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

२२. **व्यवसायिक कृषि करारका विषयवस्तुहरू** : (१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची- २मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनमा उल्लेख भएका कुराहरु यसै बमोजिम तथा यहा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद७

## विविध

२३. **व्यवसाय दर्ता गर्नु पर्ने** : (१) कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फर्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : प्राकृतिक विपत लगायतका काबु बाहिरको अवस्थामा कृषि तथा पशुपन्छी क्षेत्रमा नोक्सानी भएका कार्यपालिकाको निर्णय बमोजिम क्षतिपूर्तिको व्यवस्था गर्न सकिनेछ ।





(ट)"कृषि वस्तु" भन्नाले उत्पादकलेकुनै बालीनाली वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ठ) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१)व्यवसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन ,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको बजारीकरण,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, प्रशोधन, प्रसार, भण्डारण तथा बिक्री वितरण, र

(७) कृषि तथा पशुपन्छी सम्बन्धी प्राविधिक परामर्श सेवा ।

(ड) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले फुटकर मात्रामा कृषि उपजहरु उपभोक्तालाई बिक्री गर्ने स्थलसम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण)"थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले संकलन कर्ता वा अर्को विक्रेतालाई ठूलो परिमाणमा एकमुष्टकृषि वस्तु बिक्री वितरण गर्ने स्थलसम्झनु पर्छ ।

(त) "नगरपालिका" भन्नाले परशुराम नगरपालिका सम्झनु पर्छ ।

(द) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ध)"बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्न कानून बमोजिम दर्ता भएका फर्म,सहकारी संस्था, कम्पनी र एजेन्ट सम्झनु पर्छ ।

(न)"मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि तथा पशुपन्छी सम्बन्धी विषयगत मन्त्रालय सम्झनु पर्छ ।

(प)"शाखा" भन्नाले यस नगरपालिका अन्तर्गतको कृषि शाखा र पशु सेवा शाखा सम्झनु पर्छ ।

(प) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फर्मको सञ्चालन, कृषि वस्तुको व्यवसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वाकृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरुबीच भएको लिखित सम्झौता/सहमति सम्झनु पर्छ । यस शब्दले

व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वासंस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(फ)"वडा" भन्नाले परशुरामनगरपालिकाको वडाहरुसम्झनुपर्छ ।

(ब) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(भ)"सभा" भन्नाले परशुराम नगरपालिकाकोनगरसभा सम्झनुपर्छ

(म) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(य) "हाट-बजार" भन्नाले कृषि उपज, जिउँदो पशु लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजार सम्झनु पर्छ ।

(र)"खुद्रा विषादी पसल" भन्नालेप्रचलित कानून बमोजिम अनुमति प्राप्त बिक्रेताले सञ्चालन गरेको विषादी विक्री गर्ने खुद्रा बजार सम्झनु पर्छ ।

(म) "उपप्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

६. **नगरकृषि व्यवसाय प्रवर्द्धन समिति:** (१) कृषि तथा पशु क्षेत्रको समग्र विकास तथा प्रवर्द्धनका लागिनगरपालिकामा एक नगरकृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -अध्यक्ष |
| (ख) | आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका | -सदस्य |
| (घ) | समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना | -सदस्य |
| (ङ) | कृषक समन्वय समितिको अध्यक्ष | -सदस्य |
| (च) | नगरपालिकाको वन शाखा प्रमुख | -सदस्य |
| (छ) | नगरपालिका स्थित विद्युत कार्यालय प्रमुख | -सदस्य |
| (ज) | नगरपालिकाको पशुसेवा शाखा प्रमुख | -सदस्य |
| (झ) | नगरपालिकाको कृषि शाखा प्रमुख | -सदस्य |





(३) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष वा सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **लेखा र लेखापरीक्षण** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद ५

## व्यवसायिक कृषि करार (लिज)

१७. **व्यवसायिक कृषि करार गर्न सकिने** : (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलितकानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१८. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने:**(१) नगर क्षेत्र भित्रको खेती योग्य जमिन स्वामित्व ग्रहण गरेका कुनै संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि कृषक,कृषि फर्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको मूल कृषक समन्वय समिति,सहकारीलाई जग्गा तथा भौतिक सम्पत्तिकरार गरी उपलब्ध गराउन सक्नेछ ।

(२) नगर र वडामा समेत मूल कृषक समन्वय समिति गठन गरी कृषि सम्बन्धी कार्य समन्वय गर्न सकिनेछ । सोको व्यवस्था तोकिए बमोजिम हुनेछ

१९. **जग्गा तथा भौतिक साधन माग गर्न सक्ने**: (१) कुनै कृषक वा कृषिव्यवसायीले व्यवसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) उत्पादक कृषक प्रतिनिधीका तर्फबाट एकजना दलित महिला सहित दुईजना - सदस्य

(ग) कृषि तथा पशुपन्छी विक्रेता मध्येबाट एकजना महिला सहित तीन जना -सदस्य

(घ) नगरपालिकाको कृषि शाखा प्रमुख वा प्रतिनिधी एकजना - सदस्य

(ङ) नगरपालिकाको पशु सेवा शाखा प्रमुख वा प्रतिनिधी एक जना - सदस्य

(च) उद्योगवाणिज्य संघले तोकेको कृषि हेर्ने प्रतिनिधि एकजना - सदस्य

(छ) कृषि उपजको उत्पादन तथा बजारीकरणमा संलग्न कृषि सहकारीको प्रतिनिधि एकजना - सदस्य

(ज) सम्बन्धितवडाको वडा सचिव -सदस्य-सचिव

(३) उपदफा (२)बमोजिम गठन भएको समितिको काम, कर्तव्य तथा अधिकार सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**परिच्छेद४**

**कोषको स्थापना तथा सञ्चालन**

१४. **कोषको स्थापना** : (१) कृषि व्यवसाय प्रवर्द्धन गर्नकालागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धनकोषकोस्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क)संघीय तथाप्रादेशिक सरकारबाट कृषि बजार प्रवर्द्धनका लागि प्राप्त रकम,

(ख) नगरपालिकाबाट कृषि बजार प्रवर्द्धनका लागिविनियोजित रकम,

(ग)राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारसँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकमवापत प्राप्त रकम, र

(घ)अन्य कुनै स्रोतबाट कृषि बजार प्रवर्द्धनका लागिप्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघिनेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

१५. **कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः**(१)नगरपालिकाको नीति, कानून तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकमनियमानुसार खर्चगरिनेछ।

(२)समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ।





(ञ) नगरपालिकाको महिला विकास शाखा प्रमुख -सदस्य

(ट) सिंचाई डिभिजन उप-शाखा प्रमुख -सदस्य

(ठ) उद्योग वाणिज्य संघ अध्यक्ष -सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कृषि शाखा वा पशु सेवा शाखाको प्रमुख मध्ये एकलाई सदस्य-सचिव तोक्न सक्नेछ।

(४) समितिलेसम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ।

(७) समितिको सचिवालय नगरपालिकाको कृषिशाखा वा पशु सेवामारहनेछ।

(८) दफा ६ बमोजिम गठित नगर कृषि तथा पशु व्यवसाय समितिले वडास्तरमा गर्ने सम्पूर्ण काम, कर्तव्य र अधिकार दफा ५ को उपदफा २ बमोजिम गठित समितिले प्रयोग गर्नेछ।

७. **नगर कृषि तथा पशु व्यवसाय प्रर्वद्धन समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनिसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क)नगरभित्रकृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथायोजना तर्जुमा गर्नमा आर्थिक विकास समितिलाईसुझाव,सल्लाह र सहयोग गर्ने,

(ख)कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग)कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्द्धनगर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने,

(ङ)कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न समन्वयात्मक कार्यहरु गर्ने,

(च)कृषि व्यवसाय प्रवर्द्धन कोषको व्यवस्थापन तथा परिचालन गर्ने,

(छ)तोकिए बमोजिमको अन्य आवश्यक कार्यगर्ने।

८. **कृषि तथा पशुपालन व्यवसायलाई सुविधा दिनेः**- (१) नगरपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसायप्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि

(ग) उन्नत बीउ बिजन ढुवानीका साथै आधुनिक प्रविधिका यन्त्र उपरणको व्यवस्था गर्ने

(घ) १ हेक्टर भन्दा बढी बगर तथा हैसियत बिग्रेको जमिनमा व्यवसायिक खेती गर्नेलाई बीउ तथा बेर्नामा शतप्रतिशत तथा व्यवसाय सुरुवात अनुदानको व्यवस्था गर्ने

(ङ) उन्नत जातका पशुपन्छि पालन, माछापालनका साथै पोल्टि फर्महरुको स्थापना तथा सुदृढीकरणका लागि दिइने अनुदान तोकिए बमोजिम हुने,

(च) कृषि तथा पशुपालन व्यवसायमा प्रोत्साहन गर्न र वन तथा भू-संरक्षणका लागि उन्नत जातका घाँसहरुछनौट गरी उत्पादन बृद्धि गर्ने,

(छ) नगरपालिकाका विभिन्न क्षेत्रमा पशुवधशाला, पशु बधस्थल, डेरी उद्योग तथा प्रशोधन गृह, सुधारिएको मासु पसल, डेरी पसल तोकिएको मापदण्ड अनुसार व्यवस्था गर्ने,

(ज) कृषि तथा पशुपालन व्यवसायलाई विभिन्न प्रकारका हानी नोक्सानीबाट राहात पुर्‍याउन कृषि विमाको लागि प्रिमियममा २५ प्रतिशत अनुदान दिन बाधा पर्ने छैन। साथै जंगली जनावरको क्षतीबाट कृषि बाली तथा पशुपन्छीमा पर्न जाने क्षतीलाई न्यूनीकरण गर्नका लागि बाली तथा पशुधन सुरक्षण तथाराहत कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) प्रत्येक वडाहरुमा सेवा दिने गरी आवश्यकताको आधारमा कृषि तथा पशु शाखा अन्तर्गत रहने गरी कृषि उपशाखा वा पशु सेवा केन्द्र स्थापना गर्न सकिनेछ ।

(ञ) प्रत्येक वडाहरुमा नीजि.स्तरमा कम्तीमा एकवटा एग्रोभेट स्थापनाका लागि औषधी धुम्ती कोषको परिचालनमार्फत प्रोत्साहनगरिनेछ । साथै नीजि क्षेत्रको सेवा नपुगेको क्षेत्रमा वडा कार्यालयले विशेष पहलमा प्रचलित कानूनको प्रतिकूलतामा असर नपर्ने गरी एग्रोभेट सञ्चालन गरी कृषकलाई सेवा दिन बाधा पर्ने छैन ।

(ट) कृषक समूहहरु अनिवार्यरुपमा नगरपालिका स्थित सम्बन्धित शाखामा दर्ता हुनुपर्नेछ ।

(ठ) कृषि प्रविधिको प्रसारका लागि कृषक पाठशाला सञ्चालन गर्नेछ ।

(ड) कृषि तथा पशुपन्छी क्षेत्रलाई व्यवसायिक बनाउनका लागि आवश्यकता अनुसार उत्पादनमा आधारित अनुदान प्रणालीको विकास गरी कार्यान्वयन गर्नेछ ।



(खण्डः २ संख्याः १४ मितिः २०७६/११/२१)

(ण) लक्षित वर्गको पहिचान गरि कृषि तथा पशुपन्छी क्षेत्रमा उत्पादन बृद्धि गर्नका लागि लागतको आधारमा अनुदानको प्रतिशत निर्धारण समेत गरी कृषि अनुदान कार्यक्रम सञ्चालन गर्नेछ ।

(त) उत्पादन बृद्धि गर्नका लागि साना सिचाइ कार्यक्रम लगायत आधुनिक सिचाइ प्रविधिको प्रवर्द्धन तथा सञ्चालन गर्नेछ ।

(२)उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३)उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधासमितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. **कृषि ऋणमा सहजीकरण** : कृषि तथा पशुपन्छी क्षेत्रमा उत्पादन तथा प्रशोधनका लागि आवश्यक पर्ने सहुलियत कृषि कर्जाका लागि वित्तीय संस्थाहरुसँग समन्वय तथा सहजीकरण गरी सिफारिस गर्न सकिनेछ ।

१०. **कृषक समन्वय समितिः**प्रत्येक वडामा तोकिए बमोजिम एक कृषक समन्वय समिति र नगरपालिकामा रहनेछ ।

## परिच्छेद-३

## कृषि बजारसम्बन्धी व्यवस्था

११. **कृषि बजारको स्थापनाः** (१) नगरपालिकाले वातावरणीय र अन्य उपयुक्तताका आधारमा आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सहकारी वा कृषि उपज बजार सञ्चालन तथा व्यवस्थापन गर्न दफा ५ को उपदफा (२) बमोजिमको समितिको सिफारिस अनुसारनगरपालिकाले तोकेको स्थानमा अनुमति लिई कृषि बजारको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

१२. **कृषि बजारको वर्गीकरण** :(१) यस ऐनको दफा ३बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरणदेहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार, (ख) खुद्रा बजार,

(ग) हाट बजार, र (घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालनवापत लाग्ने शुल्क नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१३. **कृषि बजार सञ्चालन, व्यवस्थापन प्रबर्द्धन समितिः** (१) यस ऐनको दफा ३ बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार संचालन, व्यवस्थापन तथा प्रबर्द्धन समिति रहनेछ ।